# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आठौं वार्षिक साधारण सभाको सूचना

यस कम्पनीको मिति २०७२/१२/१९ गते बसेको सञ्चालक समितिको ६७४औं बैठकको निर्णय अनुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७३ साल बैशाख महिना २० गते सोमवार (तदनुसार २ मे, २०१६)

सभा सुरू हुने समय : अपरान्ह ११:०० बजे

स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लव, टुंडिखेल, काठमाडौं ।

### छलफलका विषयहरू:

१. आर्थिक वर्ष २०७१/७२ को लागि अध्यक्ष एवं सञ्चालक समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त हुने आर्थिक वर्ष २०७१/७२ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरणलाई छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण ऐन, २०४८ को दफा ७ बमोजिम श्री महालेखा परीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) को प्रावधान अनुरूप लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ. व. २०७२/७३ को लागि कम्पनीको लेखा परीक्षण गर्न चार्टर्ड एकाउण्टेण्ट श्री नरेन्द्र भट्टराईलाई लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

४. आ. व. २०७१/७२ को मुनाफा रकममध्येबाट कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत चुक्ता पुँजीको ५० प्रतिशत का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

५. विविध

सञ्चालक समितिको आज्ञाले<br>
गोकर्ण प्रसाद सिटौला<br>
कम्पनी सचिव

# कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७३ साल बैशाख ५ गते देखि मिति २०७३ साल बैशाख २० गते सम्म कम्पनीको शेयर दाखिल खारेजको काम बन्द रहने छ । मिति २०७३ बैशाख ४ गते सम्म नेपाल धितोपत्र विनिमय बजार लि. मा कारोबार भई मिति २०७३ बैशाख १२ गते सम्ममा कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय, भद्रकाली प्लाजा काठमाडौंमा प्राप्त शेयरहरु नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउनेछन् ।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनीले आफ्नो परिचय खुल्ने प्रमाण (कागजात) शेयर प्रमाणपत्र वा सो को प्रतिलिपी वा डिम्याट नं. र डिम्याट परिचय पत्र अनिवार्य रूपमा लिई आउनु हुन अनुरोध छ । शेयरधनी महानुभावहरूको सुविधाको लागि सभा हुने दिन शेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० बजेदेखि सभा चालू रहे सम्म खुल्ला रहने छ ।

३. साधारण सभामा भाग लिन सम्बन्धित शेयरधनी आफै उपस्थित हुन नसक्ने भए प्रोक्सी (प्रतिनिधि) नियुक्त गर्न सक्नुहुनेछ र सो सम्बन्धी प्रोक्सी फाराम साधारण सभा सुरू हुने दिन भन्दा ५ दिन अगावै कम्पनीको रजिष्ट्रार्ड कार्यालयमा बुझाई सक्नुपर्नेछ ।

४. शेयरधनी महानुभावहरूको ठेगानामा पठाइने कम्पनीको सातौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको वेभसाइट www.ntc.net.np मा पनि हेर्न सकिनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नुभएका शेयरधनी महानुभावहरूले यस कम्पनीको केन्द्रीय कार्यालय भद्रकालीप्लाजा काठमाण्डौंमा शेयरधनी प्रमाणपत्र प्रस्तुत गरी लिन सक्नु हुनेछ ।

५. बुँदा नं. १ मा उल्लेख गरे बमोजिम दर्ता किताबमा कायम शेयरधनीहरु मात्र सो सभाबाट पारित लाभांश रकमको हकदार हुनेछन् ।

६. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट संरक्षकले साधारण सभामा भाग लिन र छलफल गर्न सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको विषयबारे साधारण सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनीको रजिष्ट्र्ड कार्यालय, भद्रकालीप्लाजा काठमाण्डौंमा लिखित जानकारी दिनु पर्नेछ । त्यसरी जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

८. शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको मन्तव्य वा प्रश्नहरूका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रूपले जवाफ दिइनेछ ।

९. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु साधारण सभास्थलमा आउँदा झोला,पोका जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।